# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

विषय :-विविध समसामयिक विषयहरुमा निर्णय गर्ने सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-**२०७६।०९।२२

१. **विषयको संक्षिप्त व्यहोरा :-** नगरपालिकाका विभिन्न स्थानहरुमा आयोजना गरिएका मेलाजात्राहरुमा सञ्चालित खेलकूद प्रतियोगिताहरुमा पुरुस्कार वितरण तथा व्यवस्थापनको लागि मिति २०७६।०८।०५ गतेको नगर कार्यपालिकाको वैठकबाट वर्गीकरण भएको मेलाजात्राको वर्ग अनुसारको खर्च रकम दिन निर्णय हुन बाँकी नगर युवा तथा खेलकूद विकास समितिबाट सिफारिस भई आएका मेलाका आयोजकहरुलाई उपलब्ध गराउन निर्णय हुनुपर्ने देखिन्छ । शिक्षा, युवा तथा खेलकूद शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, महिला, बालबालिका तथा समाजकल्यान उपशाखा, युवा तथा खेलकूद विकास समिति लगायतबाट नगर कार्यपालिकामा निर्णयार्थ पेश गर्न प्राप्त फाइलहरु स्वीकृत गर्नुपर्ने देखिन्छ । नगर प्रहरी बिट स्याला र नगर प्रहरी बिट गोतामकोटमा कार्यरत नगर प्रहरीहरुको राशन भत्तामा वृद्धि हुनु पर्ने देखिन्छ । यस्ता विविध समसायिक विषयमा निर्णय हुन उपयुक्त देखिन्छ ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा :-** नगरपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त फाइलहरुको अध्ययन गर्दा उल्लेखित विषयहरुको सम्बन्धमा नगर कार्यपालिबाट निर्णय हुनु पर्ने देखिन्छ ।

३. **प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्बन्धित शाखाको राय :-उल्लेखित** विविध समसामयिक विषयहरुमा एकमुष्ट निर्णय गरी समस्याहरुको समाधान गर्न उपयुक्त देखिन्छ ।

४. **निर्णय हुनुपर्ने व्यहोरा :-** देहायमा उल्लेखित विषयहरुको सम्बन्धमा निर्णय गर्ने गरी पेश भएको प्रस्ताव स्वीकृत गर्न आठविसकोट नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले आठविसकोट नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### आठविसकोट, रूकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


<u>*निर्णय हुनुपर्ने विषयहरु*</u>

(१)नगर कार्यपालिकाको मिति २०७६।०८।०५ गतेको निर्णयानुसार वर्गीकरणमा परेका तर पुरुस्कार तथा मेला व्यवस्थापन वापत खर्च रकम प्राप्त नगरेका देहायका मेला तथा जात्राका आयोजकहरुलाई प्राप्त बिल भरपाईहरुको आधारमा रकम भुक्तानी दिने ।

| क्र.स. | मेलाजात्राको नाम र मेला आयोजना गरिने स्थान | स्वीकृत बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | पहाडा मेला आठविसकोट नगरपालिका वडा नं. २, पहाडा | ५१,०००।०० | साँस्कृतिक क्षेत्र तर्फको बजेटबाट |
| २. | उभोखोला मेला आठविसकोट नगरपालिका वडा नं. १, उभोखोला | ५०,०००।०० | साँस्कृतिक क्षेत्र तर्फको बजेटबाट |
| ३. | भदै पूर्णिमा मेला आठविसकोट नगरपालिका वडा नं. ७ र ८ दाजे | ७०,०००।०० | साँस्कृतिक क्षेत्र तर्फको बजेटबाट |
| ४. | सान्चौर मेला आठविसकोट नगरपालिका वडा नं. ९ | ३५,०००।०० | साँस्कृतिक क्षेत्र तर्फको बजेटबाट |

(२)युवा तथा खेलकूद विकास समितिबाट माध्यमिक विद्यालय तहका खेलकूद प्रशिक्षक र वडाका खेलाडीहरुलाई ६ दिने रेफ्री प्रशिक्षण सञ्चालन गर्न लाग्ने खर्च बापतको रु २,६१,०००।०० (अक्षरुपी दुई लाख एकसठ्ठी हजार रुपैयाँमात्र) बजेट कार्यक्रम खर्च शिर्षकबाट व्यहोर्ने गरी स्वीकृत गर्ने ।

(३)सिस्ने तेक्वाण्डो डोजाङ्ग आठविसकोट नगरपालिकालाई बिल भरपाईको आधारमा रु ५०,०००।०० बराबरको रकम तेक्वाण्डो खेल प्रवर्द्धनको लागि कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने ।

(४)स्थानीय तहमा खेलकूद पूर्वाधार निर्माण सम्वन्धि कार्यविधि, २०७५ बमोजिम आठविसकोट नगरपालिका वडा नं. ९ राडिमा स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार रङ्गशाला निर्माणको लागि नगरपालिकाको तर्फबाट कूल लागतको ३० प्रतिशतले हुन आउने रकम व्यहोर्ने प्रतिवद्धता सहित बजेट माग गर्न युवा तथा खेलकूद मन्त्रालयमा ऐ कार्यविधिको



प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं.
९७४९३८९९६१
९७४८५८३१३८


अनुसूची १ बमोजिमको ढाँचामा नगरपालिकाको तर्फवाट युवा तथा खेलकूद विकास समिति मार्फत प्रस्ताव पेश गर्ने ।

(५) महिला, बालबालिका तथा समाजकल्यान उपशाखाबाट तीन महिने स्वीटर बुनाई तालिमको लागि रु ४,८७,५००।०० (अक्षरुपी चार लाख सतासी हजार पाँच सय रुपैयाँमात्र) वरावरको बजेट स्वीकृतिको लागि प्राप्त प्रस्ताव कार्यक्रम खर्च शिर्षकबाट व्यहोर्ने गरी स्वीकृत गर्ने ।

(६) आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगरपालिकासँग सम्झौता भई कार्य सम्पन्न पश्चात् भुक्तानीको लागि मिति २०७६ असार मसान्तभन्दा पहिले नगरपालिकामा पेश भएका तर मिति २०७६।०४।०२ गतेको नगर कार्यपालिकाको निर्णयानुसारको भुक्तानी हुन बाँकी आयोजना वा कार्यक्रमहरुको विवरणमा समावेश हुन बाँकी आयोजनाहरुको सम्झौता र प्राविधिक मूल्याङ्कन अनुसारको रकम समपूरक अनुदानमा म्याचिङको लागि छुट्याईएको खर्च शिर्षक र अन्य मिल्दो खर्च शिर्षकबाट भुक्तानी दिने । साथै आर्थिक वर्ष २०७५।०७६ मा ठेक्का आह्वान भई कार्यान्वयन भईरहेका तर अन्तिम भुक्तानी हुन बाँकी रहेका विशेष अनुदान तर्फका आयोजनाहरु (सूर्योदय माध्यमिक विद्यालय होली भवन निर्माण, सरस्वति माध्यमिक विद्यालय मिग्रि भवन निर्माण, जनता माध्यमिक विद्यालय झिनचौर भवन निर्माण, जनविकास माध्यमिक विद्यालय घारीखोला भवन निर्माण) को भुक्तानी आर्थिक वर्ष २०७६।०७७ को समपूरक अनुदान म्याचिङको लागि नगरपालिकाको तर्फबाट छुट्याईएको रकममध्येबाट दिने । साथै आर्थिक वर्ष २०७५।०७६ को विशेष अनुदान तर्फको ल्यान्डफिल साइट निर्माण आयोजनाको भुक्तानी आर्थिक वर्ष २०७६।०७७ को नगरपालिकाको समपूरक अनुदान तर्फ म्याचिङ गर्न छुट्याईएको रकममध्येबाट भुक्तानी दिईएकोमा उक्त भुक्तानी सदर गर्ने ।

(७) भौगोलिक विकटता, महङ्गी, ढुवानी खर्च लगायतका कुराहरुलाई विश्लेषण गर्दा नगर प्रहरी बिट स्याला र नगर प्रहरी बिट गोतामकोटमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको राशन भत्तामा हाल खाईपाई आएको राशन भत्ताको क्रमश: ४० प्रतिशत र ३० प्रतिशतले वृद्धि गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

(८)नगर प्रहरी नायव निरीक्षक नियुक्तिको लागि आठविसकोट नगरपालिका नगर प्रहरी विनियमावलि, २०७४ अनुसारको प्रक्रिया अगाडि बढाई आगामि नगर कार्यपालिकाको बैठकमा पेश गर्ने ।

(९)लोकसेवा आयोगको विज्ञापन अनुसार रिक्त पदमा स्थायी कर्मचारी खटिई आउने क्रम जारी रहेको सन्दर्भमा रिक्त पदमा माग आकृति भरी पठाई सकिएको एवम् यथाशीघ्र पदपूर्ति हुने अवस्था रहेकोले नगरपालिकाको सङ्गठन संरचना र दरवन्दी विवरण अनुसार लोकसेवा आयोगको सिफारिस नहुने रिक्त पदमामात्र करार कर्मचारी राख्ने बाहेक करार कर्मचारीहरुको करार अवधि रद्द गर्ने ।

(१०) मिति २०७६।८।२ गतेदेखि मिति २०७६।०८।११ गतेसम्म नगरपालिकाको तर्फबाट नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुको स्थलगत अध्ययन भ्रमण गरी तयार पारिएको छैठौं विद्यालय अनुगमन प्रतिवेदन, २०७६ मा थप अध्ययन गरी आगामि कार्यपालिकामा निर्णयार्थ पेश गर्ने ।

(११) नेपाल सरकारवाट एक वडा एक आधारभूत स्वास्थ्य सेवा केन्द्र सम्वन्धी मापदण्ड निर्माण भई सोही अनुरुप जनशक्ति तथा भौतिक संरचना निर्माणको लागि बजेट समेत विनियोजन भईसकेको सन्दर्भमा नगर कार्यपालिकाको निर्णयानुसार स्थापना गरिएका देहायका स्थानहरुमा रहेका शहरी स्वास्थ्य इकाई (गाउँघर क्लिनिक) को औचित्य नदेखिएकोले मिति २०७६ माघ १ गतेदेखि लागू हुने गरी ती गाउँघर क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मीहरुको करार अवधि थप नगर्ने । साथै समायोजन भएका शहरी स्वास्थ्य इकाई (गाउँघर क्लिनिक) मा रहेका औषधी उपकरण लगायतका सामग्रीहरु एकीन गरी स्वास्थ्य तथा सामाजिक विकास शाखा मार्फत अव स्थापना हुने आधारभूत स्वास्थ्य सेवा केन्द्रमा हस्तान्तरण हुने व्यवस्था मिलाउने । साथै ती गाउँघर क्लिनिकमा कार्यरत कर्मचारीहरुलाई नगर अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रको रित्त दरवन्दीमा करार सेवामा खटाउन सकिने ।

प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


**समायोजन भएका शहरी स्वास्थ्य इकाईहरुको विवरण**

| क.स. | समायोजन भएको शहरी स्वास्थ्य इकाई (गाउँघर क्लिनिक) को विवरण | औषधी उपकरण लगायतका सामग्री हस्तान्तरण गर्नुपर्ने आधारभूत स्वास्थ्य सेवा केन्द्रको विवरण | कैफियत |
|---|---|---|---|
| १. | रोकाजा गाउँघर क्लिनिक वडा नं. १, रोकाजा | आधारभूत स्वास्थ्य सेवा केन्द्र रोकाजाखेत वडा नं. १ | |
| २. | सुन्दरपानी गाउँघर क्लिनिक वडा नं. ९, सुन्दरपानी | आठविसकोट स्वास्थ्य चौकी वडा नं. ९ | |
| ३. | मैडाडाँ गाउँघर क्लिनिक वडा नं. १०, मैडाडाँ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भयाउने वडा नं. १० | |
| ४. | गत्तासैना गाउँघर क्लिनिक वडा नं. ११, गत्तासैना | स्वास्थ्य चौकी गोइरी वडा नं. ११ | |
| ५. | स्यानीबार्खु गाउँघर क्लिनिक वडा नं. १२, स्यानीबार्खु | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. १२ ठूलीबार्खु | |
| ६. | बाँकेज्यूउला गाउँघर क्लिनिक वडा नं. १४, बाँकि ज्यूउला | स्वास्थ्य चौकी घेत्मा वडा नं. १४ | |

(१२) लोक सेवा आयोगको सिफारिस अनुसार नगरपालिकाको सङ्गठन संरचना र दरवन्दी विवरण बमोजिमको रिक्त पदमा स्थायी कर्मचारी खटिई आउने क्रम जारी रहेको र सो कारणबाट साविकमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि समाप्त भईसकेको एवम् हुने क्रममा रहेको सन्दर्भमा नगरपालिकाको पटकपटकको खुला विज्ञापन अनुसार शैक्षिक गुणस्तर परिक्षण केन्द्रको स्वीकृत कार्यविधि अनुसारका कर्मचारी भर्ना हुन नसकेको सन्दर्भमा देहाय बमोजिम शैक्षिक गुणस्तर परिक्षण केन्द्रमा नगरपालिकाको स्थायी तथा करार सेवाका कार्यरत कर्मचारी तथा शिक्षकहरु समेतबाट नियुक्त गरी शैक्षिक गुणस्तर परिक्षण केन्द्र गठन गर्ने (बहुमतबाट पारित)।

प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


***नियुक्तिको लागि सिफारिस गरिएका व्यक्तिहरुको विवरण***

| क.स. | नाम, थर | ठेगाना | हाल वा साविकमा कार्यरत पद | हाल नियुक्त गरिएको पद | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री थलवीर ओली | आठविसकोट नगरपालिका वडा नं. ९, रुकुम (पश्चिम) | शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख | शिक्षा परिक्षक | एम.एड. (अङ्ग्रेजी) | हाल शिक्षा शाखा प्रमुख समेत भई कामकाज गर्ने । |
| २. | श्री मुक्तिप्रसाद रिजाल | आठविसकोट नगरपालिका वडा नं. ९, रुकुम (पश्चिम) | प्रा.वि. द्बितिय शिक्षक | सहायक शिक्षा परिक्षक | एम.एड. (अङ्ग्रेजी) | काजमा ल्याउने |
| ३. | श्री नरेन्द्र आर.सी. | आठविसकोट नगरपालिका वडा नं. १३, रुकुम (पश्चिम) | प्रशासन सहायक चौथो (करार) | परिक्षक | बि.एड. | काजमा ल्याउने |
| ४. | श्री मानबहादुर बटाला | आठविसकोट नगरपालिका वडा नं. ९, रुकुम (पश्चिम) | सहायक कम्प्युटर अपरेट्रर | कम्प्युटर अपरेटर | | हाल शिक्षा शाखामा समेत कामकाज गर्ने । |

(१३) शैक्षिक गुणस्तर परिक्षण केन्द्रले शैक्षिक गुणस्तर परिक्षण केन्द्र व्यवस्थापन निर्देशिका, २०७६ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा, युवा तथा खेलकुद शाखासँगको समन्वयमा देहायका कार्यहरु समेत गर्ने :-

(क) आधारभूत शिक्षा परिक्षा कक्षा ५ र कक्षा ८ सञ्चालन, अनुगमन, नियमन तथा व्यवस्थापनमा सहजिकरण गर्ने ।

(ख) विद्यालय स्तरिय तालिम, गोष्ठि, सेमिनार र अतिरिक्त क्रियाकलाप सञ्चालन, अनुगमन, नियमन तथा व्यवस्थापनमा सहजिकरण गर्ने ।

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

(ग) शैक्षिक क्यालेन्डर निर्माण तथा कार्यान्वयनमा सहजिकरण गर्ने ।

(१४) शैक्षिक गुणस्तर परिक्षण केन्द्रका शिक्षा परिक्षकलाई नगर शिक्षा ऐन तथा नियमावली, छात्रवृत्ति वितरण सम्बन्धि कार्यविधिमा भएको व्यवस्था अनुसारका नगर शिक्षा समिति, पाठ्यक्रम तथा पाठ्य सामग्री निर्धारण समिति, परिक्षा सञ्चालन तथा समन्वय समिति, शिक्षक तथा कर्मचारी छनौट समिति, नगर युवा तथा खेलकूद विकास समिति, छात्रवृत्ति छनौट समिति लगायतका शिक्षासँग सम्बन्धित समितिहरुमा प्रतिनिधित्व हुने गरी आमन्त्रण गर्ने ।

(१५) न्यायिक समितिमा उजुरी प्रशासकको रुपमा कामकाज गर्ने गरी कानूनमा कम्तिमा एल.एल.वि. उत्तिर्ण गरेको व्यक्तिलाई नियुक्ति गर्न आठविसकोट नगरपालिका करारमा कर्मचारी भर्ना सम्बन्धि कार्यविधि, २०७४ बमोजिमको प्रक्रिया पूरा गरी भर्ना गर्ने ।

(१६) आठविसकोट नगरपालिका वडा नं. ९ (साविक आठविसकोट गाउँ विकास समिति वडा नं. ७) स्थित कित्ता नं. १८१, क्षेत्रफल ७००० वर्गमिटर सार्वजनिक जग्गा साविकको गा.वि.स.को सिफारिसमा राडिज्यूउला शिक्षा क्याम्पसले प्रयोग गर्दै आएकोमा अव उप्रान्त पनि उक्त जग्गा राडिज्यूउला शिक्षा क्याम्पस आठविसकोट नगरपालिकाले नै प्रयोग गर्ने गरी सहमति दिने ।

(१७) राडिज्यूउला शिक्षा क्याम्पसको भौतिक संरचना निर्माणको लागि आवश्यक जग्गा खरिद गर्न आठविसकोट नगरपालिका जग्गा प्राप्ति सम्बन्धि कार्यविधि, २०७६ बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउन अनुमति दिने ।

(१८) आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पन्न भई भुक्तानी भएका तर फरफारक हुन बाँकी आयोजनाहरुमध्ये फरफारक रकम जफत गर्ने भनि निर्णय भएका आयोजनाहरुको सम्बन्धमा नगरपालिकास्तरिय योजना अनुगमन तथा मूल्याङ्कन समितिले स्थलगत रुपमा अध्ययन गरी जफत गर्ने वा नगर्ने सम्बन्धमा राय पेश गर्ने र सोही अनुसार जफत गर्ने वा नगर्ने सम्बन्धमा आगामि नगर कार्यपालिकाको बैठकबाट निर्णय गर्ने ।

(१९) राडिज्यूउला शिक्षा क्याम्पसको भौतिक संरचना ठूलीभेरी तथा वर्षे खोल्साहरुको कारण जोखिममा रहेकोले फिल्ड निर्माण तथा तटवन्धन कार्य गर्न आवश्यक पर्ने बजेटको लागि पहल गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

(२०) नगरपालिका तथा वडा कार्यालय एवम् अन्य विषयगत शाखामा रहेका मोटरसाइकलहरुको नियमित मर्मत संभारको लागि मोटरसाइकल बुझेको मितिदेखि लागू हुने गरी पेश भएका बिल भरपाईको आधारमा मासिक रु २,०००।०० (दुई हजार रुपैयाँमात्र) सम्म मर्मत संभार खर्च उपलब्ध गराउने ।

(२१) वडा समितिका सदस्यहरु वडा समितिको निर्णयानुसार र नगर कार्यपालिका सदस्यहरु नगर कार्यपालिकाको निर्णयानुसार खटनपटन गर्ने तथा गराउने ।

(२२) देहायका आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) गराउने

(क) फारुलाखोला-भित्रिखोला-चौर-गत्तासैना-चिसापानी-खानेपानी आयोजना वडा नं. ११

(ख) तेस्रापानी-बज्रे-पोखी-चुर्तिपाखा-दाजे खानेपानी वडा नं. ८

(ग) खारा-मालङ्गे-खर्दी वृहत खानेपानी आयोजना वडा नं. ३

(घ) गाँडिखोला-छोटेतरा-छेपारे खानेपानी आयोजना वडा नं. १४

(ङ) भित्ताखोला-धुर-जागे-घिनतडि-जलिगाड-जिरजा-बयाल्ने खानेपानी आयोजना वडा नं. ५

(च) रोकाजा-मानाखोला खानेपानी वडा नं. १

(छ) ओख्ले-फिलिङ्गी-खेत-रागिला खानेपानी आयोजना वडा नं. १

(ज) चैतिखारा-लुसडाडाँगाउँ खानेपानी आयोजना वडा नं. १

(झ) छोटेवगर-जुगेना खानेपानी आयोजना वडा नं. ४

(ञ) भरारीगाउँ-चौलाने-लामबिसौं खानेपानी आयोजना वडा नं. ४

(ट) भलचिरा-तल्लुकाँडा सिँचाई वडा नं. २

(२३) वालकल्यान माध्यमिक विद्यालयमा विद्यालयले लिएको भर्ना परिक्षामा उत्तिर्ण भई तीन वर्षे आइटी कोर्ष प्रथम वर्षमा अध्ययनरत छात्रा ठूलीभेरी नगरपालिका दुनै, डोल्पा स्थायी ठेगाना भएकी निर्मला बुढाको आर्थिक अवस्था नाजुक भएकोले एवम् निज छात्रा गरिब तथा जेहेन्दार भएकोले रु २,००,०००।०० (दुई लाख रुपैयाँमात्र) छात्रवृत्ति उपलब्ध गराउने ।

प्र.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


(२४) आठविसकोट नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागी "स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" को अनुसूची १ बमोजिमको प्रस्ताव स्थानीय पुर्वाधार विभागमा पेश गर्ने ।

(२५) आठविसकोट नगरपालिका मौसमी तथा बमौसमी तरकारी बाली, स्याउ, किवी, ओखर, सुन्तला, केरा, आँप जस्ता फलफुल खेती, मकै, फापर, आलु, गहुँ, धान जस्ता खाद्यान्न बालीको लागि उपयुक्त क्षेत्र भएकाले यस क्षेत्रलाई जोन क्षेत्रभित्र समावेश गर्ने । सोही व्यहोरा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना जोन एकाई चौरजहारीमा लेखि पठाउने ।

(२६) २५ शैयाको आठविसकोट नगर अस्पताल निर्माण, सञ्चालन र व्यस्थापनको लागी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा तोकिएका कागजातसहित प्रस्ताव पेश गर्ने ।

2076/05/26

प्रमुख प्रशासकीय अधिकृत